## स्थगित नतिजा प्रकाशन, पुनर्योग, पुनःपरीक्षण, ग्रेडसिट एकीकृत, प्रमाणपत्रका त्रुटि तथा अभिलेख संशोधन सम्बन्धी निर्देशिका, २०८३

**प्रस्तावनाः** शिक्षा ऐन, २०२८ को दफा १९क ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देहायको निर्देशिका बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "स्थगित नतिजा प्रकाशन, पुनर्योग, पुनःपरीक्षण, ग्रेडसिट एकीकृत, प्रमाणपत्रका त्रुटि तथा अभिलेख संशोधन सम्बन्धी निर्देशिका, २०८३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(ख) "बोर्ड" भन्नाले राष्ट्रिय परीक्षा बोर्ड सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले यस निर्देशिकाअनुसार गठित समिति सम्झनुपर्छ।

(घ) "पुनर्योग" भन्नाले परीक्षाको नतिजा प्रकाशन पश्चात् नतिजामा चित्त नबुझी तोकिएको शुल्क तिरी परीक्षार्थीले दिएको निवेदनका आधारमा उत्तरपुस्तिकामा दिइएको अङ्क पुनर्योग गर्ने कार्य सम्झनुपर्छ ।

(ङ) "पुनःपरीक्षण" भन्नाले नियमित प्रक्रियाबाट नतिजा प्रकाशन भए पश्चात पुनर्योगको नतिजा र उत्तरपुस्तिका हेर्दा समेत परीक्षार्थीले चित्त नबुझाएमा तोकिएको शुल्क तिरी यो निर्देशिकाको दफा (१०) बमोजिम हुने तीनजना विज्ञहरूबाट गरिने परीक्षणलाई सम्झनुपर्दछ ।

(च) "फैसला" भन्नाले उमेर, नाम र जात सच्याउने नियमहरू" २०१७ (संशोधन सहित) को नियम ३ अनुसार प्रमुख जिल्ला अधिकारीबाट भएको फैसला सम्झनुपर्छ ।

(छ) "प्रमाणपत्र" भन्नाले राष्ट्रिय परीक्षा बोर्डबाट जारी हुने ग्रेडसिट/ मार्कसिट/ ट्रान्सक्रिप्ट/ प्रमाणपत्र/ मूलप्रमाणपत्र/ स्थानान्तरण प्रमाणपत्रलाई सम्झनुपर्छ।

(ज) "इकाइ/एकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनुपर्छ।

(झ) "परीक्षा नियन्त्रण कार्यालय" भन्नाले राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत रहेका कक्षा १२ र कक्षा १० का परीक्षा नियन्त्रण कार्यालय सम्झनुपर्छ।

### परिच्छेद -२

### स्थगित नतिजा प्रकाशन, प्रमाणपत्र एकीकृत तथा विद्यालयको अभिलेख संशोधन

३. **स्थगित नतिजा फुकुवा**ः (१) स्थगित नतिजा फुकुवाका लागि नतिजा स्थगित हुनाको कारणलाई मध्यनजर गरी परीक्षा नियन्त्रण कार्यालयले तोकेका कागजातसहित नतिजा प्रकाशन भएका मितिले बढीमा छ महिनाभित्र परीक्षार्थीले निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनलाई आधार मानी आवश्यक कागजात तथा उत्तरपुस्तिका समेतका आधारमा दफा ५ को उपदफा (१) बमोजिमको उपसमितिले रुजु र प्रमाणित गरी नतिजा प्रकाशन गर्ने छ ।

४. **<u>एकीकृत प्रमाणपत्रसम्बन्धी व्यवस्थाः</u>** दुई वा दुईपटक भन्दा बढी परीक्षा दिई प्राप्त गरेका प्रमाणपत्र एकीकृत गर्नुपरेमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ।

५. **<u>विवरण संशोधन उपसमिति</u>**: (१) स्थगित नतिजा प्रकाशन तथा फुकुवा, ग्रेडसिट एकीकृत र नाम, थर, जन्ममिति संशोधनका लागि देहायबमोजिमको एक विवरण संशोधन उपसमिति रहने छ:-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित परीक्षा नियन्त्रक | - अध्यक्ष |
| (ख) | सम्बन्धित परीक्षा उपनियन्त्रक दुई जना | - सदस्य |
| (ग) | सम्बन्धित परीक्षा नियन्त्रकले तोकेको अधिकृत एक जना | - सदस्य |
| (घ) | सम्बन्धित परीक्षा नियन्त्रकले तोकेको शाखा अधिकृत | -सदस्य सचिव |

(२) सम्बन्धित परीक्षा नियन्त्रकले कार्यसँग सम्बन्धित विज्ञ वा कर्मचारीबाट बढीमा तीन जनासम्म उपसमितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) परीक्षाको नतिजा प्रकाशन पश्चात् जन्ममिति, आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क, सैद्धान्तिक अङ्क छुट भई स्थगित रहन गएका नतिजा प्रकाशन सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(ख) आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क वा सैद्धान्तिक अङ्क तथा जन्ममिति खाली भएमा छुट विवरण कायम गर्न आवश्यक निर्णय गर्ने,

(ग) चालु वर्षको प्रमाणपत्रमा नाम, थर, जन्ममिति विषय एवम् आन्तरिक अङ्कमा त्रुटि देखिन आएमा आवेदन फाराम एवम् प्रवेशपत्र तथा अन्य आवश्यक प्रमाणका आधारमा विवरण संशोधनको निर्णय गर्ने,

(घ) विभिन्न कारणले परीक्षार्थीको सिम्बल नम्बर उल्लेख हुन छुट भई नतिजा स्थगित भएमा त्यस्ता परीक्षार्थीको प्रवेशपत्र र समष्टिगत फाराम वा हाजिरीका आधारमा सिम्बल नम्बर, नाम, थर, जन्ममिति र उत्तरपुस्तिकाबाट प्राप्ताङ्क चढाई नतिजा प्रकाशन गर्न आवश्यक निर्णय गर्ने,

(ङ) एकीकृत प्रणामपत्र प्राप्त गर्न पेस भएको निवेदनसाथ संलग्न अभिलेख र कार्यालयमा रहेको सम्बन्धित निवेदकको अभिलेख भिडाई एकीकृत प्रमाणपत्र जारी गर्न सिफारिस गर्ने,

(च) विद्यालयले सम्बन्धित स्थानीय तहबाट प्राप्त अनुमति/स्वीकृतिको पत्रको प्रतिलिपि तथा सिफारिस, शिक्षा विकास तथा समन्वय एकाइको सिफारिस र विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपिलगायत

पेस हुने गरेका नाम, ठेगाना, हिज्जे आदि अभिलेख संशोधनसम्बन्धी निवेदन उपर निर्णय गर्ने,

(छ) स्थगित नतिजाको विवरण तयार गरी उपसमितिको निर्णयसहित नतिजा प्रकाशनका लागि परामर्श समितिमा पेस गर्ने,

(ज) उपर्युक्त कार्यमा स्पष्ट हुन नसकी द्विविधा भएका विषय किटान गरी परामर्श समितिमा पेस गर्ने,

(झ) परीक्षाका नतिजा प्रकाशनपश्चात् आउन सक्ने समस्या समाधान गर्न परामर्श समिति र राष्ट्रिय परीक्षा बोर्डद्वारा भएका निर्देशन अनुसारका कार्य गर्ने।

## परिच्छेद -३

## पुनर्योग र पुनः परीक्षण

६. **पुनर्योगसम्बन्धी व्यवस्थाः** (१) नतिजा प्रकाशन भएपश्चात् परीक्षा नियन्त्रण कार्यालयले पुनर्योगका लागि निवेदन दिने सूचना प्रकाशन गर्ने छ।

(२) विषय खोली तोकिएको राजश्व तिरी पुनर्योगका लागि परीक्षार्थीले निवेदन दिनुपर्ने छ।

७. **पुनर्योग उपसमितिसम्बन्धी व्यवस्थाः** (१) उत्तरपुस्तिकमा दिइएको प्राप्ताङ्क पुनर्योगका लागि देहाय बमोजिमको एक पुनर्योग उपसमिति रहने छः-

| | |
|---|---|
| (क) सम्बन्धित परीक्षा नियन्त्रक | - अध्यक्ष |
| (ख) सम्बन्धित परीक्षा उपनियन्त्रक दुई जना | - सदस्य |
| (ग) सम्बन्धित परीक्षा नियन्त्रकले तोकेको अधिकृत एक जना | - सदस्य |
| (घ) सम्बन्धित परीक्षा नियन्त्रकले तोकेको शाखा अधिकृत | -सदस्य सचिव |

(२) सम्बन्धित नियन्त्रकले बढीमा तीन जनासम्म उपसमितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त निवेदनका आधारमा उत्तरपुस्तिका सङ्कलन गर्ने गराउने, सङ्कलित उत्तरपुस्तिकाहरू विषयगतरुपमा मिलाई प्याकेट निर्माण गर्ने गराउने, विषय विज्ञद्वारा प्राप्ताङ्क पुनर्योग, परीक्षण गर्न छुट भएका प्रश्नको परीक्षण गर्ने/गराउने कार्य समितिले गर्ने,

(ख) प्राप्ताङ्क पुनर्योग, परीक्षणगर्न छुट भएका प्रश्नको परीक्षण भइसकेका उत्तरपुस्तिका कार्यालयका अधिकृत कर्मचारीद्वारा पुनः रूजु गर्ने,

(ग) पुनर्योग तथा परीक्षण गर्ने विज्ञले पुनर्योगपश्चात् कायम भएको अङ्क कारणसहित उल्लेख गरी प्रमाणित गर्नुपर्ने छ त्यसै गरी कार्यालयको अधिकृतले समेत अङ्क रुजु गरी प्रमाणित गर्नुपर्ने,

(घ) रूजु भइसकेका उत्तरपुस्तिका उपसमितिले सबै वा नमुना उत्तरपुस्तिकाहरू पुनः रूजु गर्ने र प्रप्ताङ्क परिवर्तन भएका उत्तरपुस्तिकाहरूमा परिवर्तन हुनुका कारणसहित अङ्क गणना गरी यकिन गर्ने,

(ङ) प्राप्ताङ्क परिवर्तन भएका सिम्बोल नम्बरहरूबाट परिवर्तन हुनुका कारण तथा पहिलेको प्राप्ताङ्क र परिवर्तित प्राप्ताङ्क उतार गरी उपसमितिको निर्णयपश्चात् नतिजा प्रकाशन गर्ने,

(च) उत्तरपुस्तिका देखाउने र पुनःपरीक्षणसम्बन्धी कार्य गर्ने,

(छ) पुनःपरीक्षणको नतिजा प्रकाशन र पुनर्योगबाट परिवर्तित नतिजा प्रकाशनका लागि परामर्श समितिमा पेस गर्ने,

(ज) कार्यसम्पादनमा सहजताका लागि उपसमितिले आवश्यकताअनुसार थप कार्यविधि आफै निर्माण गरी कार्य गर्न सक्ने,

(झ) उक्त कार्यमा स्पष्ट हुन नसकेका विषयमा द्विविधा भएका विषय किटान गरी परामर्श समितिमा पेस गर्ने,

(ञ) उपर्युक्त विषयमा आउन सक्ने समस्या समाधान गर्न परामर्श समिति र राष्ट्रिय परीक्षा बोर्डद्वारा भएका निर्देशन अनुसारका कार्य गर्ने।

८. **उत्तरपुस्तिका हेर्नेसम्बन्धी व्यवस्था**: (१) पुनर्योगबाट चित्त नबुझेमा परीक्षार्थीका लागि आफूले लेखेको उत्तरपुस्तिका हेर्न सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयले सूचना प्रकाशन गर्ने छ।

(२) उत्तरपुस्तिका हेर्ने निवेदन दिने परीक्षार्थीले निवेदनका साथ देहायबमोजिमका कागजपत्र संलग्न गरी अनुसूची-२ को ढाँचाबमोजिम कबुलियतनामा र निवेदन पेस गर्नुपर्ने छः-

(क) आफू अध्ययन गरेको विद्यालयको सिफारिस,

(ख) कबुलियतनामा र निवेदन,

(ग) सक्कल प्रवेशपत्र,

(घ) अभिभावकसँगको नाता प्रमाणित हुने कागजात,

(ङ) तोकिएको राजश्व/शुल्क बुझाएको रसिद

(च) ग्रेडसिटको प्रतिलिपि

(छ) फोटोसहितको निवेदनमा सम्बन्धित परीक्षार्थी र निजका अभिभावकले हस्ताक्षर।

(३) उत्तरपुस्तिका हेर्नका लागि निवेदन दिए पश्चात् बोर्डले तोकेको विषयगत विज्ञको उपस्थितिमा अभिभावक सहित सम्बन्धित परीक्षार्थीले उत्तरपुस्तिका हेर्न सक्नेछन्। यसरी उत्तरपुस्तिका हेर्दा उत्तरपुस्तिकाको प्रतिलिपि माग्न, क्यामेरा वा मोबाइल फोनबाट उत्तरपुस्तिकाको तस्बिर खिच्न र विज्ञसँगको छलफलको रेकर्ड गर्न पाइने छैन ।

९. **पुनः परीक्षणसम्बन्धी व्यवस्था**: (१) परीक्षार्थीले उत्तरपुस्तिका हेरिसकेपछि पनि नतिजामा चित्त नबुझाएमा आफूले लेखेको उत्तरपुस्तिका पुनःपरीक्षण गर्नका लागि सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयले सूचना प्रकाशन गर्ने छ।

(२) दफा ८ बमोजिम उत्तरपुस्तिका हेरिसकेपछि परीक्षाको नतिजामा प्राप्त गरेको कुनै विषयको प्राप्ताङ्क वा ग्रेडमा चित्त नबुझाएमा सम्बन्धित परीक्षार्थीले तोकिएको दस्तुर तिरी पुनःपरीक्षणका लागि निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको प्राप्ताङ्क उपर चित्त नबुझेर निवेदन दिएका विषयका उत्तरपुस्तिका पुनः परीक्षण गराउन पुनर्योग तथा परीक्षण कार्यमा सहभागी नभएका विषय विज्ञको नामावली परीक्षा नियन्त्रण कार्यालयले तयार गरी पुनर्योग उपसमितिमा पेस गर्नुपर्नेछ।

(४) पुनः परीक्षणका लागि तयार गरिएको विज्ञसूचीबाट प्रत्येक विषयका लागि तीन जनाको नाम स्वीकृत गरी उत्तरपुस्तिका परीक्षण गराउने छ ।

(५) पुनः परीक्षण गर्नका लागि निवेदकले अनुसूची-३ बमोजिमका ढाँचा अनुसार निवेदन पेस गर्नुपर्नेछ।

१०. **<u>उत्तरपुस्तिका पुनः परीक्षणसम्बन्धी सर्तहरू</u>**: (१) विषयविज्ञ सूचीमा सूचीकृत तीन जना विषय विज्ञबाट प्रत्येक उत्तरपुस्तिका पुनः परीक्षण गर्नुपर्ने छ। पुनः परीक्षण गर्दा अनुसूची-४ बमोजिमका विषयलाई ध्यान दिनुपर्ने छ

(२) उत्तरपुस्तिकाको परीक्षक, सम्परीक्षक तथा पुनः परीक्षकको नाम हेर्न वा माग्न पाइने छैन। एकपटक पुनः परीक्षण भएको उत्तरपुस्तिका फेरि पुनः परीक्षण हुने छैन।

(३) पुनर्योगका लागि निवेदन नदिएका परीक्षार्थीले उत्तरपुस्तिका हेर्नका लागि निवेदन दिन पाउने छैनन् र उत्तरपुस्तिका हेर्नका लागि निवेदन नदिएका परीक्षार्थीले उत्तरपुस्तिका पुनः परीक्षणका लागि निवेदन दिन पाउने छैनन्।

(४) पुनः परीक्षण पश्चात् प्राप्त भएको प्राप्ताङ्कलाई सार्वजनिकीकरण गर्ने, पहिलाको अङ्कसँग तुलना गर्ने वा अन्य निकायमा उजुरी गर्न पाइने छैन।

११. **<u>परीक्षण सुधारसम्बन्धी व्यवस्था</u>**: (१) यस निर्देशिका बमोजिम उत्तरपुस्तिका पुनः परीक्षण गर्दा सुरु परीक्षणको प्राप्ताङ्क र पुनःपरीक्षणको औसत प्राप्ताङ्कबिच दस प्रतिशत वा सोभन्दा बढी फरक पर्न गएमा परीक्षा नियन्त्रण कार्यालयले सम्बन्धित उत्तरपुस्तिका परीक्षक तथा सम्परीक्षकलाई प्रप्रचलित कानून बमोजिम कारवाहीको लागि सिफारिस गर्नेछ।

## परिच्छेद - ४

### <u>प्रमाणपत्रमा उमेर, नाम,थर संशोधन</u>

१२. <u>प्रमाणपत्रमा उमेर, नाम, थर संशोधनसम्बन्धी व्यवस्था</u>:- माध्यमिक शिक्षा परीक्षा (एसइइ) तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसिइ) का प्रमाणपत्रमा जन्ममिति, नाम, थर वा लिङ्ग फरक परी जन्म दर्ता वा नागरिकताअनुसार एकरुपता कायम गर्नुपर्ने अवस्थामा अनुसूची-४ को ढाँचामा परीक्षार्थीले निवेदन दिनुपर्ने छ।

१३. **<u>पुराना प्रमाणपत्रका त्रुटि एवम् समस्या समाधान उपसमितिसम्बन्धी व्यवस्था</u>**: (१) नतिजा प्रकाशन भएको एक वर्षभन्दा पुराना प्रमाणपत्रमा देखिएका त्रुटि एवम् समस्या समाधान गर्न देहायका सदस्य रहेको पुराना प्रमाणपत्रका त्रुटि एवम् समस्या समाधान उपसमिति रहने छ :

(क) सम्बन्धित परीक्षा नियन्त्रक - अध्यक्ष

(ख) सम्बन्धित परीक्षा उपनियन्त्रक दुई जना - सदस्य

(ग) सम्बन्धित परीक्षा नियन्त्रकले तोकेको अधिकृत एक जना - सदस्य

(घ) सम्बन्धित परीक्षा नियन्त्रकले तोकेको शाखा अधिकृत -सदस्य सचिव

(२) नियन्त्रकले कार्यसँग सम्बन्धित विज्ञ वा कर्मचारीबाट बढीमा तीन जनासम्म समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(३) सक्कल प्रवेशपत्र वा रजिष्ट्रेसन अर्धकट्टीमा उल्लेख भएको विवरणभन्दा प्रमाणपत्रमा जन्ममिति, नाम, थर फरक हुन गएको अवस्थामा ती दुईमध्ये परीक्षार्थीले सक्कल प्रमाणसहित माग गरेअनुसार गर्नुपर्ने छ।

तर सच्याउन चाहेको विवरण केरमेट वा थपघट गरेको भए सम्बन्धित इकाइ प्रमुखबाट प्रमाणित समिष्टगत फाराम, कक्षा ८ को लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र पेस गरी उपयुक्त देखिन आएमा जन्ममिति, नाम, थर सच्याउन सकिने छ।

(४) प्रवेश पत्र वा रजिष्ट्रेसनको अर्धकट्टिमा उल्लेख भएको नाम, थरभन्दा फरक नामथरको हिज्जे कायम गर्नुपर्ने अवस्था आएमा वा तात्विक अर्थ फरक नपर्ने गरी प्रवेश पत्र वा रजिष्ट्रेसन पेस हुन नसक्ने अवस्थामा निवेदकले देहाय बमोजिमका कागजात पेस गर्नुपर्नेछः-

(क) विद्यालयले तयार गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख/बोर्डका सम्बन्धित कार्यालयबाट प्रमाणित गरेको समष्टिगत विवरण फाराम/सिफारिस पत्र,

(ख) कक्षा १० को हकमा कक्षा आठ उत्तीर्ण गरेको लब्धाङ्क पत्र र कक्षा १२ को हकमा कक्षा १० को लब्धाङ्क पत्र प्रतिलिपि,

(ग) नेपाली नागरिकताको प्रमाणपत्र/ राष्ट्रिय परिचय पत्रको (शैक्षिक योग्यताको प्रमाणपत्र जारी हुनु पूर्वको भएमा) प्रतिलिपि,

(घ) विद्यालयको अभिलेखअनुसार विद्यालयले एकिन गरेको सिफारिस पत्र,

(ङ) सम्बन्धित वडा कार्यालयको विवरण खुल्नेगरी गरिएको सिफारिस पत्र,

(५) तात्विक फरक नपर्ने गरी संशोधन हुन सक्ने नाम वा थरका वैकल्पिक उदाहरणहरू अनुसूची-५ मा उल्लेख गरिएको छ।

(६) सुरु नाम र मध्यनामको पदयोग वा वियोग गर्ने सम्बन्धमा परीक्षार्थीबाट संशोधनका लागि माग भएमा त्यस्ता परीक्षार्थीको अन्य प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रमा उल्लेख भएअनुसार छुट्टिएको वा जोडिएको देहायका कागजात माग गरी संशोधन गर्नुपर्नेछः-

(क) कक्षा १० को हकमा कक्षा ८ को लब्धाङ्क पत्र र कक्षा १२ को हकमा कक्षा १० को लब्धाङ्क पत्रको प्रतिलिपि,

(ख) नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचय पत्रको प्रतिलिपि,

(ग) विद्यालयको सिफारिस,

(घ) सम्बन्धित वडा कार्यालयको सिफरिस,

(ङ)  सम्बन्धित कार्यालय (इकाइ/बोर्ड) को सिफारिस पत्र।

(७) जोड्ने वा छुट्टिने सुरु नाम वा बिचको नामका उदाहरण अनुसूची-६ मा भएकालाई आधार मानी यस्तै अन्यसमेतलाई पदवियोग र पदयोग गरिने छ।

(८) यस निर्देशिका बमोजिम संशोधन प्रक्रियामा जाँदा परीक्षार्थीको लिङ्ग परिवर्तन हुने अवस्था भएमा एस.एल सी वा एसइइको लब्धाङक पत्र र प्रमाणपत्रमा उल्लिखित थरमा थप्नु वा घटाउनु परेमा, थर परिवर्तन गर्नुपर्ने र व्यक्तिको नामको अगाडिको अक्षर फरक परी अर्को अक्षर राख्नु पर्दा नाम परिवर्तन भएको जस्तो भएमा उपदफा (६) बमोजिमका प्रमाणसहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट फोटोसहितको व्यक्ति प्रमाणित गरेको कागजात लिई उपसमितिमा आवश्यक निर्णयका लागि पेस गरिने छ। साथै विवरण संशोधन प्रयोजनका लागि आवश्यक ठानेमा प्रतिलिपिका साथसाथै सक्कल कागजात हेर्न र बुझ्न सकिने छ ।

(९) एक वर्षभन्दा पुराना प्रमाणपत्रमा जन्ममिति, नाम, थर संशोधन सम्बन्धमा सक्कल प्रवेशपत्र वा रजिष्ट्रेसनको अर्धकट्टीमा उल्लेख भएको अवस्थामा देहायका कागजातसहित पेस भएमा सोहीअनुसार गर्नुपर्नेछ:-

(क)  कक्षा १० हकमा कक्षा ८ को जन्ममिति उल्लेख भएको लब्धाङ्क पत्र/ग्रेड सिट प्रतिलिपि,

(ख)  जन्मदर्ता (अनलाइन) वा नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय पत्रको प्रतिलिपि,

(ग)  सम्बन्धित वडा कार्यालयको विवरण खुलेको सिफारिस पत्र,

(घ)  विदेशी परीक्षार्थीको हकमा कुटनीतिक नियोगबाट जारी भएको कागजातहरु,

(ङ)  सम्बन्धित विद्यालय र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस,

(च)  कक्षा १२ को हकमा कक्षा १० को लब्धांक पत्र/ग्रेड सिट, प्रवेशपत्र।

(१०) कुनै महिनामा परीक्षार्थीले लेखेको गते उक्त महिनामा नपर्ने भएमा राष्ट्रिय अभिलेखालयले प्रमाणित गरी पठाएको महिनाको गतेलाई आधार मान्ने तर कुनै विद्यार्थीले उक्त महिनाको अन्तिम गते उल्लेख गरी नागरिकता नलिई पछिल्लो महिनाको १ गतेको जन्ममिति राखी नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिएमा सोही आधारमा महिना र गते कायम गर्नुपर्नेछ।

(जस्तै : शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति पुष ३०, माघ ३१ (पुष २९ गते र माघ ३० गते मात्र भएको अवस्थामा) भएको र नेपाली नागरिकताको प्रमाणपत्र लिंँदा माघ १, फाल्गुन १ उल्लेख गरी लिएकाको हकमा सम्बन्धित विद्यालय र वडा कार्यालयको सिफारिसमा नागरिकताको प्रमाणपत्र वा जन्मदर्ता (अनलाइन भएमा मात्र ) अनुसार गर्ने।)

(११) जन्ममिति अभिलेखमा खाली भएको अवस्थामा विद्यालयको सिफारिस, एसइइ वा एसएलसी उत्तीर्ण गर्दाको सालमा जारी भएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचय पत्रको प्रतिलिपिका आधारमा जन्ममिति कायम गरिनेछ।

(१२) शैक्षिक योग्यता प्रमाणपत्रमा विक्रम संवत् मात्र उल्लेख भएकाको हकमा राष्ट्रिय अभिलेखालयबाट इस्वी संवत्मा रुपान्तरण गरी प्रमाणित गरिएको कागजातका आधारमा गर्ने। संशोधन प्रक्रियाका लागि आवश्यक ठानेमा प्रतिलिपिका साथसाथै सक्कल कागजात हेर्न र बुझ्न सकिने छ।

(१३) प्रमाणपत्रमा प्रवेशपत्र वा रजिष्ट्रेसनमा भएको भन्दा फरक गरी विवरण (जन्ममिति, नाम, जात) 'उमेर, नामर जात सच्याउने नियमहरू, २०१७' को नियम ६ को उपनियम (१) र (३) बमोजिम सच्याउनु परेमा ऐ. नियमावलीको नियम ३ बमोजिमको फैसला पर्चा र उपदफा (९) बमोजिमका कागजातसहित निवेदन पेस गर्नुपर्ने छ।

(१४) दुई वा दुईभन्दा बढी लब्धाङ्क पत्र भई विभिन्न सालको लब्धाङक पत्रमा फरक फरक नाम, थर र जन्ममिति भएकामा निवेदकको मागबमोजिम कुनै एक सालको नाम, थर र जन्ममिति कायम गरी एकरुपता कायम गर्नसकिने छ। यसका लागि निवेदकले प्राप्त गरेका सबै लब्धाङ्क पत्रका सक्कल प्रति,प्रवेश पत्र वा रजिस्ट्रेसनको अर्धकट्टी, विद्यालयको सिफरिस पत्र, नेपाली नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचय पत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ। संशोधन प्रयोजनका आवश्यक लागेमा प्रतिलिपिका साथसाथै सक्कल कागजात हेर्न, बुझ्न र अन्य कागजात माग गर्न सक्ने छ।

१४. <u>**परामर्श समितिसम्बन्धी व्यवस्था:**</u> यस निर्देशिकामा उल्लिखित उपसमितिबाट पेस हुन आएका विषयमा स्पष्ट मार्ग निर्दर्शन गर्न देहायबमोजिमको एक परामर्श समिति रहने छ:-

| | | |
|---|---|---|
| (क) | विद्यालय शिक्षा महाशाखा प्रमुख, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (बोर्डसदस्य) | -अध्यक्ष |
| (ख) | महानिर्देशक शिक्षा तथा मानवस्रोत विकास केन्द्र | -सदस्य |
| (ग) | महानिर्देशक पाठ्यक्रम विकास केन्द्र | -सदस्य |
| (घ) | परीक्षा नियन्त्रक (कक्षा १० र कक्षा १२) | -सदस्य |
| (ङ) | बोर्डका अध्यक्षबाट मनोनित सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापक/शिक्षकमध्येबाट एक जना महिलासहित दुई जना | -सदस्य |
| (च) | सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयका उपनियन्त्रक दुई जना | -सदस्य |
| (छ) | सम्बन्धित नियन्त्रकले तोकेको कार्यसँग सम्बन्धित शाखा अधिकृत | -सदस्य |
| (ज) | सम्बन्धित नियन्त्रकले तोकेको सम्बन्धित शाखाको अधिकृत | -सदस्यसचिव |

(२) सम्बन्धित नियन्त्रकले कार्यसँग सम्बन्धित विज्ञ वा कर्मचारीबाट बढीमा तीन जनासम्म समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिमको समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ।

(४) परामर्श समितिले विविध कारणले स्थगित नतिजा प्रकाशन, पुनर्योगबाट परिवर्तित नतिजा प्रकाशन, पुनर्परीक्षणको नतिजा प्रकाशनलगायत उपसमितिबाट पेस भएका विषयमा निर्णय लिने छ।

(५) परामर्श समितिले राष्ट्रिय परीक्षा बोर्डबाट तोकेका अन्य कार्य गर्ने छ ।

## परिच्छेद - ४

## विविध

१५. **अभिलेखीकरण नभएको तर प्रमाणपत्र जारी भएको सम्बन्धमा**: यसअघि जारी भएको कक्षा १० का सक्कल लब्धाङ्कपत्र र सम्बन्धित विद्यालय, जिल्ला शिक्षा कार्यालय वा क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाइएको मार्क लेजरलाई सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशक वा प्रदेश शिक्षा विकास निर्देशनालयका प्रमुखले प्रमाणित गरेको प्रतिको आधारमा निर्णय गरी अभिलेख कायम गर्नुपर्नेछ।

१६. **सक्कल प्रवेश पत्रमा दुविधा:**सक्कल प्रवेश पत्रमा कुनै शङ्का भएमा सक्कल रजिष्ट्रेसन स्लिप वा अन्य आवश्यक प्रमाण लिनुपर्ने छ ।

**स्पष्टीकरण:** अन्य आवश्यक प्रमाण भन्नाले कक्षा ८ को जिल्ला स्तरीय लब्धाङ्क पत्रको प्रतिलिपि, एसइइ वा एसएलसीईको प्रमाणित समिष्टगत फारामको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र जारी हुनपूर्व नागरिकता लिएको भए सोको प्रतिलिपि, जिल्ला प्रशासन कार्यालयबाट गरिने व्यक्ति प्रमाणित पत्र ।

१७. **लिङ्गसम्बन्धी व्यवस्था:** महिला वा पुरुष दुवै लिङ्गमा हुन सक्ने नामहरू सम्बन्धमा शङ्का लागेमा जिल्ला प्रशासन कार्यालयको फोटोसहितको व्यक्ति प्रमाणित, तत्कालीन जन्मदर्ताको प्रतिलिपि, तत्कालीन समयको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, समिष्टिगत फारामको प्रमाणित प्रतिलिपि माग गर्न सकिने छ। संशोधन प्रयोजनका लागि आवश्यक ठानेमा प्रतिलिपिका साथसाथै सक्कल कागजात हेर्न र बुझ्न सकिने छ ।

१८. **एकपटक संशोधन भएको अभिलेख सम्बन्धमा:** कुनै परीक्षार्थीको एकपटक नाम वा थर वा जन्मिति सच्याई सकेको अवस्थामा पटक पटक सोही विवरण सच्याइने छैन।

तर दफा ५ को उपदफा (ग)प्रचलित कानुन बमोजिम नागरिकता र जन्मदर्ता संशोधन गरी प्रमाण लिई आएमा अर्को पटक सच्याउन बाधा पुग्ने छैन।

१९. **कन्ट्रोल लिष्टमा अभिलेख फरक परेको सम्बन्धमा:** कुनै विद्यार्थीको नाम, थर वा जन्ममिति कन्ट्रोल लिष्टमा फरक परेको तथा विद्यालयको नाम/ठेगानामा पुरै फरक परेको वा केही फरक परेको वा केही अक्षर घटबढ हुन गएको अवस्थामा परीक्षाफल प्रकाशन हुनु पूर्व देहायका आवश्यक कागजातहरू पेस हुन आएका अवस्थामा सच्याउन सकिनेछः-

(क) सक्कल प्रवेश पत्र/रजिष्ट्रेसनको अर्धकट्टी,
(ख) विद्यालयको सिफारिस,
(ग) विद्यालयको अनुमति पत्र,
(घ) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस,
(ङ) सम्बन्धित व्यक्ति/विद्यालयको निवेदन।

२०. **बैठकमा भाग लिए वापतको सुविधा सम्बन्धी व्यवस्थाः** यस निर्देशिकाबमोजिमका उपसमितिका सदस्यलाई (आमन्त्रितसमेत) कार्यालय समयका अतिरिक्त तथा सार्वजनिक बिदाका दिनमा कार्य गरेवापत् अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको दफा ४७ को उपदफा (४) र (५) बमोजिमको खाजा/खाना खर्च उपलब्ध गराउन सकिने छ।

२१. **विवरण सच्याउनेसम्बन्धी व्यवस्थाः** कक्षा १२ को प्रमाणपत्रमा उल्लिखित नाम, थर, जन्ममिति सच्याउनुपर्दा कक्षा १० मा भएको निर्णय र कागजातका आधारलाई मध्यनजर गरी परीक्षा नियन्त्रकले सच्याउन सक्ने छ।

२२. **प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि नाम, थर, जन्ममितिका सम्बन्धमा प्रचलित कानुनलाई मूलआधार मानिने छ।

२३. **व्याख्या गर्ने अधिकारः**यस निर्देशिकामा उल्लेख भएका विषयका सम्बन्धमा दुविधा भएमा राष्ट्रिय परीक्षा बोर्डको निर्णय अन्तिम हुने छ।

२४. **खारेजी र बचाउः** (१) देहाय बमोजिमका कार्यविधि र निर्देशिका खारेज गरिएको छः-

(क) पुराना प्रमाणपत्रका त्रुटी तथा अभिलेख संशोधनसम्बन्धी आन्तरिक कार्यविवधि, २०७७

(ख) उत्तरपुस्तिका पुनः परीक्षण निर्देशिका, २०७५

(२) यस निर्देशिकामा उल्लिखित र सम्बन्धित विषयमा यसअघिका निर्देशिका, कार्यविधि अनुसार गरिएका कार्यहरू यसै निर्देशिकाबमोजिम भए गरेको मानिने छ।

## अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

### एकीकृत ग्रेडसिट तथा प्रमाणपत्र उपलब्ध गराउने निवेदनको ढाँचा

श्रीमान् नियन्त्रकज्यू,
राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा .........
सानोठिमी, भक्तपुर ।

**विषयः** एकीकृत ग्रेडसिट तथा प्रमाणपत्र उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मलाई एकीकृत ग्रेडसिट तथा सर्टिफिकेट आवश्यक परेको हुँदानिम्न अनुसारको विवरणका आधारमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । मैलेहालसम्म प्राप्त गरेको ग्रेडसिट तथा प्रमाणपत्रका सक्कलै प्रति थान........र जन्मदर्ताको प्रतिलिपि यसै निवेदन साथ पेस गरेको छु ।

विद्यार्थीको नामः (Name of the Student in BLOCK LETTERS)

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="11">रजिस्ट्रेसन नं</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

विद्यालयको नाम ठेगाना:

<table>
<tr><td rowspan="2">नियमित परीक्षा दिएको</td><td>साल</td><td>सिम्बल नं</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td rowspan="2">पहिलो पटक ग्रेडवृद्धि परीक्षा दिएको</td><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td rowspan="2">दोस्रो पटक ग्रेडवृद्धि परीक्षा दिएको</td><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td rowspan="2">तेस्रो पटक ग्रेडवृद्धि परीक्षा दिएको</td><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
</table>

निवेदकको नामः
सहीः
मोबाइल नं.:

**अनुसूची-२**

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

निवेदनको ढाँचा

| फोटो |
|---|

श्रीमान् परीक्षा नियन्त्रक ज्यू ,

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा ………, सानोठिमी. भक्तपुर ।

**विषय :** उत्तर पुस्तिका हेर्न पाउँ भन्ने बारे ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा ……… सानोठिमीद्वारा २०८…..,……………. महिनामा सञ्चालित माध्यमिक शिक्षा परीक्षा (SEE) /माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SLCE) २०८…. मा निम्नलिखित विषयहरूमा मैले पाएको ग्रेडमा चित्त नबुझेर नियमानुसार पुनर्योग गराई उत्तरपुस्तिका हेर्न प्रकाशित सूचना अनुसार उत्तरपुस्तिका हेर्नका लागि प्रति …………….. का दरले ………..विषयको जम्मा रकम रु……………..को नगदी रसिद/ बैंक भौचर र आवश्यक कागजातसहित उत्तरपुस्तिका हेर्न लागि तोकिएका कबुलियतनामा र सर्तहरू अनिवार्य रूपमा पालना गर्न सहर्ष मञ्जुर भई तल उल्लिखित विषयका उत्तरपुस्तिका हेर्ने व्यवस्था गरिदिनुहुन भनी यो निवेदन पेस गरेको छु।

परीक्षार्थीको नाम, थर :

रजिष्ट्रेशन नं.:

सिम्बोल नं.:

विद्यालयको नाम, ठेगाना :

परीक्षा केन्द्रको नाम :

आमाको नाम,थर :

बाबुको नाम,थर :

**उत्तर पुस्तिका हेर्न चाहेका विषयः**

| क्र.स. | विषय कोड | विषय | प्राप्त ग्रेड(सैद्धान्तिक) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू**

१. ग्रेडसिट र प्रमाणपत्रको प्रतिलिपी

२. कपी हेर्ने प्रयोजनका लागि राजश्व दाखिला गरेको प्रमाण

३. उत्तरपुस्तिका पुन परीक्षण प्रयोजनका लागि राजश्व दाखिला गरेको सक्कल नगदी रसिद वा भौचर

परीक्षार्थीको दस्तखतः

परीक्षार्थीको सम्पर्क नः

अभिभावकको सम्पर्क नः

श्रीमान् परीक्षा नियन्त्रक ज्यू , मिति:
राष्ट्रिय परीक्षा बोर्ड,
परीक्षा नियन्त्रण कार्यालय कक्षा ........, सानोठिमी. भक्तपुर ।

बिषय : कबुलियतनामा ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा ......, सानोठिमीद्वारा प्रकाशित सूचना अनुसार २०८..... को एस ई ई /एस एल सी ई परीक्षाको नतिजा पश्चात पुनर्योगको लागि आवेदन गरेकोमा प्राप्त नतिजामा चित्त नबुझेको हुँदा उत्तरपुस्तिका हेर्ने र पुनः परीक्षण गर्ने प्रयोजनका लागि तपसिलबमोजिमका सर्तहरू अनिवार्य रूपले पालना गर्न म सहर्ष मञ्जुर भई यो कबुलियतनामा पेस गरेको छु । हरेक शर्तको पालना आफू र आफ्नो अभिभावक तथा आफू सम्बद्ध सबै जनाले पालना गर्नेछौं । परीक्षा र उत्तरपुस्तिका परीक्षणसम्बन्धी प्रचलित नियम र मर्यादा तथा प्रस्तावित शर्तहरू पालना नगरेको बोर्डलाई लागेमा यस बोर्डद्वारा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन नपाउने गरी कम्तिमा एक वर्षका लागि निष्काशित वा प्रचलित कानुनबमोजिमको थप सजायँ भोग्न तयार छु ।

तपसिल

१. उत्तरपुस्तिका संपरीक्षकहरूको नाम, ठेगाना र मोबाइल नम्बरलगायतका परिचय माग्ने छैन ।
२. यसै परीक्षा नियन्त्रण कार्यालयबाट छनोट गरिएका विषयविज्ञको रोहबरमा मेरो निवेदनअनुसारका उत्तरपुस्तिका हेर्न र यसै कार्यालयबाट छनोट गरिएका विषयविज्ञबाट उत्तरपुस्तिका पुनः परीक्षण गर्न मेरो मन्जुरी छ ।
३. कपी हेर्नका लागि परीक्षा नियन्त्रण कार्यालयले तोकेको मिति, स्थान र समयमा अभिभावकसहित उपस्थित हुने छु ।
४. आफ्नो उत्तरपुस्तिका अन्य परीक्षार्थीको उत्तरपुस्तिकासँग तुलना गर्न माग गर्ने छैन ।
५. आफ्नो उत्तरपुस्तिकामा प्रदान गरिएको प्राप्ताङ्क र यसपछि प्राप्त हुने नतिजामा मेरो सहमति छ ।
६. उत्तरपुस्तिका पुनः परीक्षण पश्चातको नतिजा उपर न्यायिक निकायलगायत कुनै पनि निकायमा उजुरी गर्ने छैन ।
७. आफ्नो उत्तरपुस्तिकामा प्रदान गरिएको प्राप्ताङ्क र उत्तरपुस्तिका सार्वजनिक गर्ने छैन ।
८. हरेक शर्तको पालना आफू र आफ्नो अभिभावक तथा आफू सम्बद्ध व्यक्तिले उलङ्घन वा सार्वजनिक गरेको बोर्डलाई लागेमा राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन नपाउने गरी कम्तिमा एक बर्षका लागि निष्काशित वा प्रचलित कानुन बमोजिमको थप सजायँ भोग्न तयार छु ।
९. उत्तरपुस्तिका हेर्ने स्थलमा मेरो मोबाइल फोन, क्यामरा एवम् रेकर्डजन्य सामग्री र उपकरण लैजाने छैन ।

माथि उल्लिखित सर्तहरू पूर्णरूपमा पालना गर्नेछु भनी सहीछाप गर्ने :

<u>परीक्षार्थी</u>

हस्ताक्षर :

नाम, थर :

सिम्बल नम्बर :

मोबाइल नम्बर :

| दाँया | बाँया |
|---|---|
| | |

<u>अभिभावक</u>

हस्ताक्षर :

नाम , थर :

मोबाइल नम्बर :

परीक्षार्थीसँगको नाता :

| दाँया | बाँया |
|---|---|
| | |

**अनुसूची-३**

(दफा ९ को उपदफा (५) सँग सम्बन्धित)

<u>उत्तर पुस्तिका पुनः परीक्षण गर्ने सम्बन्धी निवेदकको ढाँचा</u>

फोटो

श्रीमान् परीक्षा नियन्त्रक ज्यू ,

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा ....., सानोठिमी. भक्तपुर ।

**विषय :** <u>उत्तर पुस्तिका पुनः परीक्षण गरिपाउँ भन्ने बारे</u> ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा .......... सानोठिमीद्वारा २०८.....,................ महिनामा सञ्चालित माध्यमिक शिक्षा परीक्षा (SEE), माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SLCE) २०८.... मा निम्नलिखित विषयहरूमा मैले पाएको ग्रेडमा चित्त नबुझेर नियमानुसार पुनर्योग गराई उत्तरपुस्तिका हेर्न प्रकाशित सूचना अनुसार उत्तरपुस्तिका समेत हेरेकोमा त्यस उपर पनि चित्त नबुझेकोले प्रति ................. का दरले ...........विषयको जम्मा रकम रु.................को नगदी रसिद/ बैंक भौचर र आवश्यक कागजातसहित उत्तरपुस्तिका पुनः परीक्षणका लागि तोकिएका कबुलियतनामा र सर्तहरू अनिवार्य रूपमा पालना गर्न सहर्ष मञ्जुर भई तल उल्लेखित विषयका उत्तरपुस्तिका पुनः परीक्षण गरिदिनुहुन भनी यो निवेदन पेस गरेको छु ।

परीक्षार्थीको नाम, थर : परीक्षा केन्द्रको नाम :

रजिष्ट्रेशन नं. : आमाको नाम,थर :

सिम्बोल नं. : बाबुको नाम,थर :

विद्यालयको नाम, ठेगाना :

**<u>उत्तरपुस्तिका पुनः परीक्षण गर्न चाहेका विषयः</u>**

| क्र.स. | विषय कोड | विषय | प्राप्त ग्रेड(सैद्धान्तिक) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सम्बन्धित विद्यालयबाट उल्लेखित विवरण साँचो हो भनी प्रमाणित गर्ने प्रधानाध्यापक :(कपी हेर्ने प्रयोजनका लागि पेस गरेको निवेदनमा प्रमाणित भएकाको हकमा यो निवेदनमा प्रमाणित गर्न अनिवार्य छैन।)

नाम, थर : हस्ताक्षर :

सम्पर्क मोबाइल नम्बर :

**<u>संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू</u>**

१. ग्रेडसिट र प्रमाणपत्रको सक्कल

२. कपी हेर्ने प्रयोजनका लागि राजश्व दाखिला गरेको प्रमाण

३. उत्तरपुस्तिका पुन परीक्षण प्रयोजनका लागि राजश्व दाखिला गरेको सक्कल नगदी रसिद वा भौचर

परीक्षार्थीको दस्तखतः

परीक्षार्थीको सम्पर्क नः

अभिभावकको सम्पर्क नः

## अनुसूची-४

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

पुनः परीक्षण गर्दा ध्यान दिनुपर्ने विषयहरु

(क) उत्तरपुस्तिका पुनः परीक्षण गर्ने विषय विज्ञहरुले आफूलाई प्राप्त सम्पूर्ण उत्तरपुस्तिका तोकिएको निर्देशन, प्रश्न पत्र, उत्तरकुञ्जिकाका आधारमा त्रुटिरहित हुने गरी परीक्षण गर्नुपर्नेछ।

(ख) पुनः परीक्षणका लागि उत्तरपुस्तिका विज्ञलाई उपलब्ध गराउँदा सम्बन्धित उत्तरपुस्तिकाको बाहिरी पृष्ठ (कभर पेज) बाहेक भित्री पृष्ठमा दिइएका प्राप्ताङ्क मेटाई कम्तीमा तीन प्रतिका दरले प्रतिलिपि निकाली सम्बन्धित विषयका विज्ञ द्वारा अलग-अलग परीक्षण गराइने छ।

(ग) उत्तरपुस्तिका पुनः परीक्षणमा केही दुविधा भएमा समितिसँग परामर्श लिनुपर्ने छ। समितिले आवश्यकतानुसार दुविधाको निराकरण गरी पुनः परीक्षण गराउनुपर्नेछ ।

(घ) विषय विज्ञले पुनः परीक्षणबाट कायम हुन आएको प्राप्ताङ्कलाई पुष्ट्याई सहित प्रमाणित गर्नुपर्ने छ।

(ङ) तीन जना विषय विज्ञबाट आएको अङ्कलाई समितिले पुनः यकिन गरी प्रमाणित गर्नुपर्ने छ। अलग अलग विज्ञ द्वारा प्रदान गरिएको प्राप्ताङ्कलाई योगफल निकाली तीनले भाग गरिनेछ। यसरी प्राप्त हुने औसत प्राप्ताङ्कलाई परीक्षार्थीले प्रारम्भमा प्राप्त गरेको प्राप्ताङ्कसँग तुलना गरिनेछ।

(च) सुरुमा प्राप्त गरेको प्राप्ताङ्कलाई पुनः परीक्षणबाट प्राप्त औसत प्राप्ताङ्कसँग तुलना गर्दा दस प्रतिशत भित्रको परिवर्तन पाइएमा सुरु परीक्षणबाट प्राप्त गरेको प्राप्ताङ्क वा ग्रेडलाई नै परीक्षार्थीको वास्तविक प्राप्ताङ्क वा ग्रेड मानिनेछ । तर ग्रेड परिवर्तन हुने अवस्था आएमा पुनः परीक्षणको प्राप्ताङ्क कायमगरी परिवर्तित ग्रेड कायम गरिने छ ।

(छ) सुरुमा प्राप्त गरेको प्राप्ताङ्कलाई पुनः परीक्षणबाट प्राप्त औसत प्राप्ताङ्कसँग तुलना गर्दा दस प्रतिशत वा सोभन्दा बढी फरक परेमा पुनः परीक्षणबाट प्राप्त भएको प्राप्ताङ्क वा ग्रेडलाई नै परीक्षार्थीको वास्तविक प्राप्ताङ्क वा ग्रेड मानिनेछ।

(ज) विषय विज्ञबाट प्राप्त औसत सहितको नतिजालाई प्रमाणीकरण गरी समितिले बोर्डमा पेस गर्नेछ।

(झ) समितिले पेस गरेको नतिजालाई बोर्डले नियमानुसार प्रमाणीकरण गरी नतिजा प्रकाशन गर्नेछ।

(ञ) पुन:परीक्षणबाट कायम हुन आएको प्राप्ताङ्क उल्लेख गरी नयाँ ग्रेडसिट र प्रमाणपत्र जारी गरी परीक्षार्थीलाई उपलब्ध गराइने छ र पुरानो सक्कल प्रमाणपत्र खिचिने छ ।

**अनुसूची-५**

(दफा १२ सँग सम्बन्धित)

<u>नाम/थर/उमेर सच्चाई पाँउ सम्बन्धि निवेदनको ढाँचा</u>

श्रीमान परीक्षा नियन्त्रक ज्यू, **मिति** : २०८.../...../......

राष्ट्रिय परीक्षा बोर्ड,परीक्षा नियन्त्रण कार्यालय कक्षा-.......

सानोठिमी, भक्तपुर।

**विषयः** <u>नाम/थर/उमेर सच्चाई पाँउ</u> ।

उपर्युक्त सम्बन्धमा मेरो शैक्षिक प्रमाणपत्रमा तपसिलबमोजिम नाम थर जन्ममिति सच्चाउनुपर्ने भएकाले संलग्न कागजातहरूको आधारमा सच्चाइदिनुहुन अनुरोध गर्दछु । झुटा ठहरिएमा कानुन बमोजिम कारवाही भोग्ने छु।

**तपसिल**

परीक्षा दिएको साल पहिलो वर्ष: .......सिम्बोल नं ......................दोस्रो वर्षः......... (भएमा मात्र उल्लेख गर्ने ) सिम्वोल नं ............ रजिष्ट्रेशन नम्बर ............

| सि.नं | सच्चाउने विषय | बिग्रेको विवरण | हुनुपर्ने विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | नाम (सुरु र बिच) | | | |
| २ | थर | | | |
| ३ | जन्ममिति | | | |

**यसअगाडि यस कार्यालयबाट नतिजा प्रकाशन भएको १ वर्षभित्र वा कक्षा १० को हकमा क्षेत्रीय शिक्षा निर्देशनालय वा शिक्षा विकास निर्देशनालयबाट संशोधन भएको भए मात्र उल्लेख गर्नुपर्ने ।**

| क्र सं | सच्चाएको विषय | बिग्रेको विवरण | संशोधन भएको विवरण | कार्यालय /निर्देशनालय |
|---|---|---|---|---|
| १ | नामथर | | | |
| २ | जन्ममिति | | | |

यसमा पेस भएका कागजातहरु सत्य हुन फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

पेस गरेका आवश्यक कागजातहरू:

१. प्रवेश पत्र / रजिष्ट्रेशन स्लिप वा फैसला पर्चा
२. जन्मदर्ता वा नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. मार्कसिट/ ग्रेडसिट र मूल प्रमाण पत्र सक्कल
४. वडाको सिफारिस पत्र
५. विद्यालयको सिफारिस पत्र
६. शिक्षा विकास तथा समन्वय इकाइ/ बोर्डको कार्यालयको सिफारिस पत्र
७. कक्षा ८/१० को मार्कसिट वा ग्रेडसिट

**निवेदकः**

**विद्यार्थीको नाम थरः**

**हस्ताक्षरः............**

**विद्यालयको नाम र ठेगानाः**

| ९ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|

**मोबाइल नम्बर**

## अनुसूची-६

(दफा १३ को उपदफा (५) सँग सम्बन्धित)

**<u>तात्विक अर्थ फरक नपर्ने गरी संशोधन हुन सक्ने नाम वा थरका वैकल्पिक उदाहरण</u>**

<u>नाम तर्फ</u>

| | | |
|---|---|---|
| १. | SANDIP | SANDEEP |
| २. | DIPAK | DEEPAK |
| ३. | GITA | GEETA |
| ४. | DIPA | DEEPA |
| ५. | SUDIP | SUDEEP |
| ६. | PUJA | POOJA |
| ७. | BIJAYA | BIJAY |
| ८. | SHIVA /SIVA | SHIBA |
| ९. | SANTOS | SANTOSH |
| १०. | GOVINDA | GOBINDA |
| ११. | ANANDA | ANAND |
| १२. | SHRISTI | SHREESTI |
| १३. | DEVENDRA | DEBENDRA/ DEVEDRA |
| १४. | SER | SHER |
| १५. | PRAKASHA | PRAKASH |
| १६. | VISHNU | BISHNU |
| १७. | SUNIL | SUNEEL |
| १८. | RABINDRA | RAVINDRA |
| १९. | RAEMESH | RAMESH |
| २०. | KUMARI | KUMARY |
| २१. | SHANTI | SANTI |
| २२. | ROSANI | ROSHANI |
| २३. | BIRENDDRA | BIRENDRA |
| २४. | BIDESHWOR | BINDESHWAR |
| २५. | RAJEDRA | RAJENDRA |
| २६. | BINAYA | BINAY |
| २७. | SRIJANA | SHRIJANA |
| २८. | PARMILA | PRAMILA |
| २९. | UDDHAB | UDDHAV |
| ३०. | JIANENDRA | GYANENDRA |
| ३१. | AAYUSH | AYUSH |
| ३२. | KUSAL | KUSHAL |
| ३३. | SHANKAR | SHANKER |
| ३४. | BIKRAM | BICKRAM |
| ३५. | KISHOR | KISHORE |
| ३६. | Ekraj | Yakraj/Ekaraj/Yakaraj |

थर तर्फ

| | | |
|---|---|---|
| १. | PANDEY | PANDAY |
| २. | PANDEYA | PANDE |
| ३. | CHAUDHARY | CHAUDHARI |
| ४. | NYAUPANE | NEUPANE |
| ५. | POUDEL | PAUDEL/PAUDYAL/ POUDYAL/ PAUDEL |
| ६. | MUKTAN | MOKTAN |
| ७. | SHARMA | SARMA |
| ८. | POKHREL | POKHAREL |
| ९. | B.K. | BK |
| १०. | K.C. | KC |
| ११. | G.C | GC |
| १२. | PANTA | PANT |
| १३. | BASNET | BASNYAT |
| १४. | DAKAL | DHAKAL |
| १५. | BARTOULA | BARTAULA |
| १६. | TIMALSINA/ TIMILSINA | TIMILSENA/ TIMSINA |
| १७. | SHRESTH | SHRESTHA |
| १८. | BOHARA | BOHORA |
| १९. | KARKI | KARKEE |
| २०. | KHADAKA | KHADKA |
| २१. | PARAJULY | PARAJULI |
| २२. | SAINJUI | SAINJU |
| २३. | DIXIT | DIKSHIT |
| २४. | BUDTHOKI | BUDHATHOKI |
| २५. | SHAHA | SHAH/SAH |
| २६. | BHANDARI | BHANDARY |
| २७. | THAKURI | THAKURY |
| २८. | KAPHLE | KAFLE / CAFLE |
| २९. | TUMBAHAMPHE | TUNBAHANGPHE |
| ३०. | BHATT | BHAT/ BHATTA |
| ३१. | UPRETY | UPRETI |
| ३२. | NIROULA | NIRAULA |
| ३३. | LAMICHANE | LAMICHHANE |
| ३४. | UPADHYAYA | UPADHYA |
| ३५. | CHAMLAGAIN | CHAULAGAIN |
| ३६. | VETWAL/ VETUWAL | BHETUWAL / BHETWAL |
| ३७. | KHATAKHWO | KHATAKHO |
| ३८. | JAISHAWAL/ JAISWAL | JAISAWAL |
| ३९. | NEUPANA | NEUPANE |

| | | |
|---|---|---|
| ४०. | YONJON | YONJAN |
| ४१. | CHHETRI | KSHETRI |
| ४२. | ROUT | RAUT |
| ४३. | BHATARAI | BHATTARAI |
| ४४. | SIWAL | SILWAIL |
| ४५. | SHAPKOTA | SAPKOTA |
| ४६. | BISANKHE | BISHANKHE |
| ४७. | HOMAGAI | HUMAGAI / HUMAGAIN |
| ४८. | ADHIKARI | ADHIKARY |
| ४९. | BASTOLA | BASNTOLA |
| ५०. | BISHWAKARMA | BISHWOKARMA |
| ५१. | Gyawali | Jnawali/Jnyawali |
| ५२. | GIRI | GIREE |
| ५३. | वि.क./बि.क./वि क | बि क/विक/बिक |
| ५४. | जि.सी/जि सी | जि.सी./जिसी |

नोटः यस्तै प्रकृतिका तात्विक अर्थ फरक नपर्ने अन्य नाम थरहरु
नेपाली वर्णमालाअनुसार व/ब, स/ष/श, इ/ई, ए/य

## अनुसूची-७

(दफा १३ को उपदफा (७) सँग सम्बन्धित)

**जोडिने वा छुट्टिने सुरु नाम वा बिचको नामका उदाहरण**

नेपाली जातिमा चलनचल्तीअनुसारका थरमा वर्ण छुट भएमा जस्तै नेपा-नेपाल, अधिकार-अधिकारी जोडिने वा छुट्टिने सुरु नाम वा बिचको नामका उदाहरणहरू:

| | | |
|---|---|---|
| १. | RAJ KUMAR | RAJKUMAR |
| २. | AMAR  KISHOR | AMARKISHOR |
| ३. | NAVA RAJ | NAVARAJ |
| ४. | KHAGARAJ | KHAGA RAJ |
| ५. | MADHU SUDAN | MADHUSUDAN |
| ६. | RAM PRASAD | RAMPRASAD |
| ७. | KHUBI  RAM | KHUBIRAM |
| ८. | RAM BAHADUR | RAMBAHADUR |